नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
यातायात व्यवस्था विभाग

फोन ४४७४७६८ (महानिर्देशक)
४४७९६९१ (उपमहानिर्देशक )
४४४७९९९४ (निर्देशक यो)
४४७९६९० (निर्देशक प्र)
४४७४९२१ (एक्सचेन्ज)
४४७४९२२ (फ्याक्स)
Email: trans@dotm.gov.np
Website : www.dotm.gov.np
मीनभवन, काठमाण्डौ।

पत्र संख्या :- ३प्र।१२०।०७३।०७४ (प्रशासन शाखा)
चलानी नं. :- 2226

मिति :- २०७३।०८।२६ गते

**विषय : - परिपत्र सम्बन्धमा ।**

श्री यातायात व्यवस्था कार्यालय सवारी,
मेची, कोशी, सगरमाथा, जनकपुर, सानाठूला सवारी वागमती, मोटरसाईकल वागमती,
नारायणी, लुम्बिनी, गण्डकी, धौलागिरी, रासी, कर्णाली, भेरी, सेती र महाकाली ।
श्री सवारी परिक्षण कार्यालय, टेकु ।
श्री यातायात व्यवस्था सेवा कार्यालय, सबै ।

प्रस्तूत विषयमा यसै साथ संलग्न २० वर्षे सार्वजनिक सवारी साधनहरु पत्रु (Scrap) गर्ने सम्बन्धि यस विभागको मिति २०७३।०८।२२ गते कान्तिपुर दैनिकमा प्रकाशित सूचनाको प्रति यसै साथ संलग्न छ । सो बमोजिम गर्नु गराउनु हुन आदेशानुसार अनुरोध छ ।

..............................
(भविन्द्र कार्की)
शाखा अधिकृत

**बोधार्थ :-**
श्री भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरवार ।
श्री ट्राफिक प्रहरी निर्देशनालय, नक्साल, काठमाण्डौ ।
श्री महानगरिय ट्राफिक प्रहरी महाशाखा, रामशाहपथ काठमाण्डौ ।



O/C

नेपाल सरकार

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

# यातायात व्यवस्था विभाग

## सार्वजनिक सवारी साधनहरु Scrap (पत्रु) गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

नेपाल राजपत्र खण्ड ६४ संख्या ४० मिति : २०७१ साल फागुन १८ मा प्रकाशित भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको सूचना अनुसार बागमती अञ्चलको हकमा नामसारी भई दर्ता हुन आएका वा नआएका सम्पूर्ण सार्वजनिक सवारी साधनहरु २ वर्ष भित्र (मिति : २०७३/११/१७ भित्र) मा Scrap (पत्रु) गर्नुपर्ने र नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति : २०७२/१२/०१ को निर्णयबाट स्वीकृत भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको **समृद्ध नेपालका लागि सडक, रेल तथा यातायात विकासको पाँच वर्षे रणनीतिक कार्ययोजनामा** उल्लेख भए बमोजिम बीस वर्ष भन्दा पुराना सम्पूर्ण सार्वजनिक सवारी साधनहरु २ वर्ष भित्र (मिति : २०७४/११/३० भित्र) नेपाल भरिबाट विस्थापन/पत्रु (Scrap) गरिसक्नु पर्ने भन्ने भएकोले सम्पूर्ण सार्वजनिक सवारी धनी, यातयायात व्यवसायी, व्यवस्थापक, सञ्चालक वर्ग लगायत सम्बन्धित सबैलाई उल्लेखित मितिहरु भित्र आ-आफ्नो सार्वजनिक सवारी साधनहरु पत्रु एवं विस्थापित गरिसक्नु हुन अनुरोध गरिन्छ । उल्लेखित मितिहरुभित्र पत्रु एवं विस्थापित नगरिएका सार्वजनिक सवारी साधनहरु उक्त मितिहरु पश्चात् नेपाल भरी सञ्चालनमा रोक लगाइने र सञ्चालन गरिएको भेटिएको खण्डमा त्यस्ता सवारी साधनहरुलाई जफत लगायत अन्य कानुनी कारबाही समेत गरिने व्यहोरा जानकारीको लागि सम्बन्धित सबैमा अनुरोध गरिन्छ । साथै, यातायात व्यवस्था कार्यालयहरुले समेत सोही बमोजिम गरी जाँचपास, नवीकरण, रुट इजाजत लगायतका काम कारबाहीहरु गर्नु गराउनु हुन जानकारी गराईन्छ ।